# संस्था र घरवहाल बस्ने व्यक्ति वीच भएको घर वहाल सम्झौता

प्रचलित नेपाल कानून बमोजिम जिल्ला प्रशासन कार्यालय, …………………… दर्ता रही ………….. जिल्ला ………………… गा.वि.स. ⁄ न.पा. वडा नं ……, ……………………… मा कार्यालय रहेको ………………………………………………………………………को तर्फबाट अध्यक्ष श्री ……………………………………………………. (यसपछि प्रथम पक्ष भनी सम्बोधन गरिएको छ र ………………………………………………………………. जसलाई यसपछि दोस्रो पक्ष भनि सम्बोधन गरिएको छ) का बीच तपसिलका शर्तहरुको अधिनमा रही दुई पक्षको पारस्परिक सहमतिले प्रथम पक्षको नाममा मालपोत कार्यालय, ………………, ………………मा दर्ता कायम रहेको ……………… जिल्ला, ………………… गा.वि.स. ⁄ न.पा. वडा नं …… स्थित कि.नं. को क्षेत्रफल ………………………………………………मा निर्माण भएको भवन दोस्रो पक्षको आवासिय प्रयोजनको लागि प्रथम पक्ष र दोस्रो पक्षका बीच …………………………………वर्ष भाडामा दिने लिने गरी सम्झौता भई तपशिलमा लेखिएको शर्त बमोजिम हुने गरी व्यहोर्ने गरी यो घर बहाल सम्झौता प्रथम पक्षको कार्यालय भवनमा बसी यो घर भाडा लिने दिने सम्बन्धी सम्झौता गरी हस्ताक्षर गरी एक एक प्रति लियौं दियौं ।

**शर्तहरु**

१. प्रथम पक्षको नाममा रहेको गा.पा. ⁄ न.पा. वडा नं …… कि. नं ……… स्थित घर प्रथम पक्षले दोस्रो पक्षलाई बहालमा उपलब्ध गराउने ।

२. प्रथम पक्षको घर वहालमा लिए बापत दोस्रो पक्षले प्रथम पक्षलाइ मासिक रु ……………….(अक्षेरुपी ……………………) मात्र उपलब्ध गराउने ।

३. दोस्रो पक्षले प्रथम पक्षलाइ सम्झौता बमोजिमको घर वहाल रकम बुझाउने ।

४. घरको सरसफाइ, सुरक्षा र सामान्य मर्मत सुधार दोस्रो पक्षले गर्नुपर्ने र ठुलो मर्मत गर्नु परेमा प्रथम पक्षले गर्नु पर्ने ।

५. प्रथम पक्षले दोस्रो पक्षलाई पानी, विजुली प्रयोग गर्न दिने र सो सुविधा उपभोग गरे बापत दोस्रो पक्षलाई आपसी सहमती अनुसार निर्धारण गरेको दरमा रकम बुझाउनु पर्ने ।

६. दोस्रो पक्षले फोहोर संकलन वापतको शुल्क प्रथम पक्षलाइ बुझाउनु पर्नेछ अर्थात वहालमा बस्ने आफैले तिर्नुपर्ने ।

७. वहाल रकम दुबै पक्षको आपसी सहमतीमा कायम हुनेछ तर २ वर्ष नाघेपछि निश्चित दरमा बृद्धि गर्न बाधा पर्ने छैन ।

८. सम्झौताको म्याद सकिनु अगावै दोस्रो पक्षले घर छाडी अन्यत्र जान चाहेमा ६० दिन अगावै प्रथम पक्षलाइ जानकारी दिनु पर्नेछ ।

९. सम्झौतको म्याद सकिनु अगावै प्रथम पक्षले घर खाली गर्न चाहेमा ६० दिन अगावै दोस्रो पक्षलाइ जानकारी दिनु पर्ने छ ।

१०. प्रथम पक्षले सम्झौता विपरित आधारभूत सुविधा उपलब्ध नगराएमा वा दोस्रो पक्षले घरको हानी नोक्सानी हुने काम गरेमा, घरको सुरक्षा र वातावरणमा प्रतिकुल असर पर्ने कुनै काम गरेमा जुनसुकै समयमा पनि सम्झौता रद्ध हुन सक्नेछ ।

११. प्रथम तथा दोस्रो पक्षको आपसी सम्झदारीमा सम्झौतामा बुदाहरु थपघट हुन सक्नेछन ।

१२. यो सम्झोता …….. साल………….महिना …… गते देखि …….. साल………….महिना …… गतेसम्मको लागि हुनेछ । दुबै पक्षले चाहेमा सम्झौताको म्याद थप गर्न सकिने छ ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
| नाम :- | नाम :- |
| सही :- | सही :- |
| साक्षी :- | साक्षी :- |

इति सम्वत ……… साल …………महिना……. गते रोज शुभम् ।